# बाल कल्याण अधिकारीको कार्यबिवरण:

बाल बालिका सम्बन्धी ऐन २०७५, बाल बालिका सम्बन्धी नियमावली २०७८ र यस कार्यविधि ले दिएको अधिकारका अतिरिक्त बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगर बाल अधिकार समितिको निर्णय एवं निर्देशन कार्यन्वयन गर्ने वा गराउने ।

(ख) नेपाल सरकार प्रदेश सरकार र भेरी नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका, नगर तथा वडा बाल अधिकार समितिलार्य आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) भेरी नगरपालिका भित्र स्थायी तथा अस्थायी रुपमा बसोवास गर्ने सबै बालबालिकाले प्राप्त गर्नु पर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गरी अद्यावधिक प्रतिवेदन तयार गर्ने ।

(घ) भेरी नगरपालिकाका जोखिममा परेका विशेष संरक्षण र बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, तथा संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा बैकल्पिक स्याहार लगायतका कार्य गर्न।

(ङ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) बालबालिका विरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(छ) भेरी नगरपालिका भित्र भएका वैकल्पिक हेरचाहको व्यवस्था, पुर्नस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको निमित अनुगमन गरी सोको प्रतिवेदन नगर बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(ज) भेरी नगरपालिकामा भएका बाल अधिकार उलङ्घन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण सम्बन्धी कार्य गर्ने ।

(झ) बालबालिकाको संरक्षण तथा जोखिममा रहेका बालबालिकाहरुको मामला व्यवस्थापन, मनोसामाजिक परामर्शको लागि नियुक्त भएको सामाजिक कार्यकर्ता र बालमनोविज्ञको सुपरिवेक्षण तथा क्षमता विकासकालागि सहजिकरण गर्ने ।

(ञ) भेरी नगरपालिकामा रहेका बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानून बमोजिम अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि बैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल, अचल सम्पतिको अभिलेख राखि संरक्षण सम्बन्धित निकायमा सहजिकरण र सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हक उलंङ्घन नहुने गरी प्रचलित कानून बमोजिम प्रकाशित गर्नु पर्ने सूचना तथा प्रतिवेदन नगर बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बालअधिकार परिषदमा पेश गर्ने ।

(ढ) भेरीनगर पालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने।

(ण) भेरीनगर पालिकामा बालश्रम, बाल विवाह, बाल हिंसा जस्ता समस्याको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रर्वद्धन गर्न आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

(त) वडा बाल अधिकार समितिकोसंग निरन्तर समन्य गरि सूचना व्यवस्थापन गर्ने ।

(थ) सबै वडा बालअकिार समितिसंगको समन्वयमा बाल अधिकार समितिको अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार पार्ने ।

(द) प्रदेश बाल अधिकार परिषद र केन्द्रीय बाल अधिकार परिषदसंग आवश्यक समन्वय गर्ने ।

(ध) नगर बाल अधिकार समितिले प्रत्यायोजित अन्य कामहरु गर्ने ।

## लिखित परीक्षाको पाठ्यक्रमः

एकाई १

१. नेपालमा बालबालिकाको अवस्था

१.१ बालबालिकाको परिभाषा, जनसंख्यीक अवस्था,

१.२ बाल बचाउको अवस्था, गर्भवती स्याहार, पोषण, सस्थागत सुत्केरीको अवस्था, पूर्ण स्तनपान, पोषण, प्रारम्भिक उत्प्रेणाको अवस्था ।

१.३. बालसंरक्षणको अवस्था, जन्मदर्ता, बाल विवाह, बालश्रम, मौसमी वसाइसराई, विद्यालय छोड्ने, छाउपडी, विभेद, हिंसा, मनोसामाजिक प्रामर्श ।

१.४ बालविकासको अवस्था, प्रारम्भिक उत्प्रेणा, प्रारम्भिक बालविकास, पूर्वप्राथमिक सिकाई, आधारभूत तहको सिकाई संरचना, खेलकुदको अवसर र विकासको अवस्था ।

१.५ बाल सहभागितको अवस्था, घरपरिवार, विद्यालय, समाजिक सास्कृतिक कार्यमा बालबालिकाको आवाजको सुनुवाइ, बालक्लब तथा सञ्जालहरु, योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता ।

एकाई २

२ बाल अधिकार संरक्षणका संरचनात्मक व्यवस्था

२.१ संघीय संरचाना, केन्द्रीय बाल अधिकार परिषद, प्रदेश बाल अधिकार परिषद, नगर तथा गाँउ बाल अधिकार समिति, वडा बाल अधिकार संरक्षण समितिहरु

२.२. संघीय संरचाना, केन्द्रीय बाल अधिकार परिषद, प्रदेश बाल अधिकार परिषद, बाल न्याय समिति, नगर तथा गाँउ बाल अधिकार समिति, वडा बाल अभिकार संरक्षण समितिहरुका काम कर्तव्य र अधिकार

२.३. सिफारिस संयन्त्रहरु, भूमिका र महत्व

**एकाई ३**

३ संवैधाकि तथा कानूनी व्यवस्था

३.१ नेपालको संविधान २०७२

३.२ बालबालिका सम्बन्धी ऐन २०७५, निमावली २०७८, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, कार्यविधि २०७८, निमावली २०७९

३.३ बाल अधिकार महासन्धी १९८९, ऐच्छीक अभिसन्धीहरु, आवधिक प्रतिवेदन प्रक्रिया र महत्व, राष्ट्रसंघको बाल अधिकार समिति, पुनरावलोकन प्रक्रिया र विशेष सिफारिस

३.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाका बालबालिका सम्बन्धी सम्पूर्ण ऐन, कानून र कार्यविधिहरु

३.५ बालमैत्री न्यायिक प्रक्रिया